विदेशी मुद्रा

अमेरिकी डलर	१४०.०७
युरो	१६३.६९
पाउन्ड स्टर्लिङ	१८९.७१
अस्ट्रेलियन डलर	९१.२२
कतारी रियाल	३८.४३

राष्ट्र बैंकको आधारमा

सुन रू. १,९५,१००

चाँदी रू. २,३००

धितोपत्र बोर्डको अध्ययन

‘संस्थापक सेयर एकै पटक सर्वसाधारणमा परिणत गर्दा समस्या’

राज्ञ बज्राडे (काठमाडौं)

सूचीकृत कम्पनीहरूको संस्थापक सेयर एकैपटक सर्वसाधारणमा परिवर्तन गर्दा कम्पनीको समग्र सञ्चालन पक्षमै समस्या आउने नेपाल धितोपत्र बोर्डको अध्ययन प्रतिवेदनले औंल्याएको छ । बोर्डका तत्कालीन सञ्चालक फणीन्द्र गौतमको संयोजकत्वको अध्ययन समितिले बैंक तथा वित्तीय संस्था र बिमाबाहेक क्षेत्रका सूचीकृत कम्पनीहरूको अधिकांश संस्थापक सेयर ‘लकइन’ अवधि सकिएलगत्तै सर्वसाधारणमा परिणत हुँदा कम्पनी सञ्चालनमै समस्या ल्याएको निष्कर्ष निकालेको हो ।

‘जलविद्युत् समूहका सूचीकृत कम्पनीहरूको सेयर संरचनाको विद्यमान अवस्था र सोको प्रभाव सम्बन्धमा गरिएको अध्ययन’ नाम दिइएको उक्त प्रतिवेदनले धितोपत्र बोर्डबाट संगठित संस्थाको संस्थापक सेयर सर्वसाधारण सेयरमा परिवर्तनको स्वीकृति दिँदा एक पटकमा बढीमा १९ प्रतिशतसम्म दिन सकिने सुझाव दिएको छ । उक्त व्यवस्था बैंक तथा वित्तीय संस्था र बिमाबाहेक प्रत्यक्ष नियामक निकाय नरहेका सबै क्षेत्रका सूचीकृत कम्पनीहरूको हकमा गर्नुपर्ने प्रतिवेदनको सुझाव छ ।

प्रतिवेदनमा जलविद्युत् समूहका कम्पनीको हकमा सम्बन्धित कम्पनीले आईपीओ जारी गर्दा सर्वसाधारणलाई पैसा फिर्ता गर्छु भनेर प्रतिबद्धता गरेको अवधि (पे-ब्याक पिरियड) लाई आधार मानी समानुपातिक रूपमा हुन आउने प्रतिशत अनुरूप संस्थापक सेयरबाट सर्वसाधारणमा परिवर्तन गर्न स्वीकृति प्रदान गर्नुपर्ने उल्लेख छ ।

खासगरी जलविद्युत् कम्पनीहरूका संस्थापक सेयरधनीहरूले ‘लकइन’ अवधि सकिएलगत्तै एकैपटक धेरै सेयर बिक्री गर्ने प्रवृत्ति बढेको र त्यसले विकृति निम्त्याउन थालेको निष्कर्षका आधारमा बोर्डले गौतमको संयोजकत्वमा विज्ञ सम्मिलित अध्ययन समिति बनाएको थियो । समितिले बुझाएको प्रतिवेदन धितोपत्र बोर्ड सञ्चालक समितिले पारित गर्दै कार्यान्वयन गर्ने निर्णय गरेको थियो । तर, प्रतिवेदन पेस भएको करिब २ वर्ष भइसक्दा पनि न बोर्डले सुझाव कार्यान्वयनमा ल्याएको छ न त प्रतिवेदन नै सार्वजनिक गरेको छ ।

यसरी संस्थापक सेयर सर्वसाधारणमा परिणत हुने व्यवस्था सम्बन्धमा धितोपत्र बोर्डले ठोस निर्णय लिन नसक्दा अहिले ‘इन्टरनेसलन सेक्युरिटिज आइडेन्टिफिकेसन नम्बर’ (आइजिन) सम्बन्धी विवाद चर्किँदै गएको छ । उक्त प्रतिवेदन समयमै कार्यान्वयनमा ल्याएर संस्थापक सेयर सर्वसाधारणमा परिणत सम्बन्धमा ठोस नीतिगत व्यवस्था गर्न सकेको भए अहिले आइजिनसम्बन्धमा विवादै नहुने जानकारहरू बताउँछन् ।

यद्यपि उक्त प्रतिवेदनका सुझावहरू क्रमशः कार्यान्वयनमा ल्याइएको धितोपत्र बोर्डका अधिकारीहरू दावी गर्छन् । ‘बोर्डबाट गरिएका अध्ययन प्रतिवेदनहरू समसामयिक रूपमा कार्यान्वयन हुँदै आएका छन्, यो प्रतिवेदन पनि कार्यान्वयन सोही क्रममा छ,’ धितोपत्र बोर्डका प्रवक्ता निरञ्जय घिमिरेले भने ।

प्रतिवेदनले जलविद्युत् आयोजनाका अधिकांश संस्थापक सेयरधनीले ‘लकइन’ अवधि सकिएलगत्तै सेयर बिक्री गर्ने गरेर दोस्रो बजारबाट निस्कने क्रम बढेको देखाएको छ ।

जलविद्युत् क्षेत्रमा संस्थापकले छिट्टै सेयर बिक्री गरेर जाने भएकाले कम्पनी बेवारिसे सम्पत्ति जस्तो हुने गरेको छ, यसकारण सर्तअनुसार सेयर बिक्रीको मापदण्ड बनाऔं भनेका थियौं

● **फणीन्द्र गौतम**
अध्ययन समिति संयोजक तथा सचिव

जलविद्युत् कम्पनीहरूमा पेब्याक पिरियड ७ देखि ९ वर्षसम्मको हुन्छ, यो भनेको तिम्रो पैसा यति वर्षमा फिर्ता गर्छु भन्ने हो, त्यो अवधि नसकिँदै संस्थापक लगानीकर्ता बाहिरिनु राम्रो होइन

● **नीरज गिरी**
पूर्वकार्यकारी निर्देशक, धितोपत्र बोर्ड

आफूले स्थापना गरेको जलविद्युत् आयोजनाले लामो समयसम्म राम्रो प्रतिफल दिनेमा स्वयम् संस्थापक सेयरधनीलाई विश्वास नरहेको प्रतिवेदनले औंल्याएको छ । ‘तत्कालीन समयमा नेप्सेमा सूचीकृत ४३ कम्पनीको प्राप्त विवरण तथा कागजात अध्ययन गर्दा २० जलविद्युत् कम्पनीका संस्थापकले ‘लकइन’ पिरियड सकिएपछि सेयर बिक्री गरेको देखिएको छ,’ प्रतिवेदनमा भनिएको छ ।

अध्ययन प्रतिवेदनका संयोजक एवं हाल सरकारका सचिव फणीन्द्र गौतम जलविद्युत्का संस्थापक सेयरधनीलाई एकैपटक सेयर बिक्रीको अनुमति दिन नहुने बताउँछन् । ‘हाल जलविद्युत् क्षेत्रमा संस्थापकले छिट्टै सेयर बिक्री गरेर जाने भएकाले कम्पनी बेवारिसे सम्पत्ति जस्तो हुने गरेको छ,’ उनले भने, ‘अरू कम्पनीभन्दा जलविद्युत् कम्पनी बढी संवेदनशील छन् । यसकारण उनीहरूलाई सर्तअनुसार सेयर बिक्रीको मापदण्ड बनाऔं भनेका थियौं । एकैपटक सबै सेयर बिक्री गर्न नदिऔं । आईपीओ र एफपीओ पनि एकैपटक नदिऔं, व्यावसायिक उत्पादन थालेपछि मात्र दिऊँ भनेका छौं ।’

सूचीकृत जलविद्युत् क्षेत्रका कम्पनीहरूको सेयर संरचनालाई अध्ययन विश्लेषण गर्दा सरकार र मातहतका निकायहरूले गरेको कम्पनीको स्वामित्वमा परिवर्तन नआएको पनि प्रतिवेदनले देखाएको छ । ‘एकै पटक संस्थापक सेयरधनीले सेयर बिक्री गर्दा कम्पनीको निर्माण तथा सञ्चालनमा बाधा व्यवधान भएको अवस्थामा सर्वसाधारणमा यस क्षेत्रप्रतिको विश्वास गुम्ने भएकाले पुँजी अभाव हुन्छ,’ प्रतिवेदनमा भनिएको छ, ‘लकइन अवधिलगत्तै धेरै सेयर बिक्री गर्ने प्रवृत्तिले कम्पनीको वास्तविक वस्तुस्थिति तथा सञ्चालन व्यवस्था सम्बन्धमा जानकार तथा अनुभवी व्यक्ति कम्पनीमा नहुँदा समग्र सञ्चालन पक्षमा असर पर्ने देखिन्छ ।’ सेयर संरचनामा परिवर्तनसँगै यस क्षेत्रका कम्पनीहरूको वित्तीय अवस्थामा असर गर्दा लगानीकर्ताले पाउने प्रतिफलका साथै आर्थिक स्थिति कमजोर भएको अवस्थामा दोस्रो बजार मूल्यमा उतारचढाव आउने हुँदा सोको प्रत्यक्ष प्रभावसमेत लगानीकर्तामा पर्ने प्रतिवेदनमा उल्लेख छ ।

जलविद्युत् मात्र नभएर जुनसुकै कम्पनीका ठूला सेयरधनी छिट्टै कम्पनीबाट बाहिरिनु ठीक नहुने धितोपत्र बोर्डका पूर्वकार्यकारी निर्देशक नीरज गिरीको धारणा छ । सर्वसाधारणले आईपीओमा सेयर लगानी गर्दा मुख्य संस्थापक लगानीकर्ता को को हुन् ? त्यसका आधारमा लगानी गर्ने भएकाले उनीहरू नै बाहिरिएपछि कम्पनीको संस्थागत सुशासन के हुन्छ ? यसले कि त कम्पनीमा गडबडी छ कि ? लगायत प्रश्न उब्जिने उनको भनाइ छ ।

‘चलिरहेको कम्पनीको मुख्य सेयरधनी बाहिरिनु भनेको मूल्यमा प्रभाव पार्ने संवेदनशील सूचना पनि हो । किनकि उनीहरूलाई कम्पनीको भित्री सूचना सबै थाहा हुन्छ,’ उनले भने, ‘सामान्यतया जलविद्युत् कम्पनीहरूमा पेब्याक पिरियड ७ देखि ९ वर्षसम्मको हुन्छ । यो भनेको तिम्रो पैसा यति वर्षमा फिर्ता गर्छु भन्ने हो । त्यो अवधि नसकिँदै संस्थापक लगानीकर्ता बाहिरिनु राम्रो होइन ।’ कतिपय आयोजनाहरूमा संस्थापकहरू विद्युत् नबल्दै पनि बाहिरिएको देखिएको उनको भनाइ छ । ‘यसकारण म धितोपत्र बोर्डमै रहँदा पनि पे ब्याक पिरियड बढाउन प्रयास गरिएको थियो तर सकिएन,’ उनी भन्छन् ।

शुक्रबारसम्म नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा जलविद्युत् क्षेत्रका ९१ कम्पनी सूचीकृत भएका छन् । बोर्डबाट सार्वजनिक निष्कासन अनुमति स्वीकृति पाएका तथा पाइपलाइनमा रहेका कम्पनीको संख्या निरन्तर बढ्दो छ । नेप्सेमा कुल सूचीकृत कम्पनीको संख्यामध्ये धेरै कम्पनी सूचीकृत भएको क्षेत्र जलविद्युत् हो ।

संगठित संस्थाका लगानीकर्तामा कम्पनी स्थापनाताका संस्थापक सेयरमा लगानी गर्ने, संस्थाका कर्मचारी, आयोजना प्रभावित क्षेत्रका स्थानीय र संस्थाले धितोपत्रको सार्वजनिक निष्कासन गरेको बेलामा सेयरमा लगानी गर्ने सर्वसाधारण लगानीकर्ता गरी चार प्रकारका सेयरधनी छन् । **बाँकी पृष्ठ ८ ▸▸**

सुरु भयो नाडा अटो शो-२०२५

प्रदर्शनीको मुख्य आकर्षण युनिट्री रोबोटिक डग, अत्याधुनिक चारपांग्रे रोबोट्स र दीपलको ईभीटीओएल फ्लाइङ ट्याक्सी

कान्तिपुर संवाददाता (काठमाडौं)

चाडवाड नजिकिँदै गर्दा काठमाडौंको भृकुटीमण्डपमा मंगलबारदेखि ‘नाडा अटो शो-२०२५’ सुरु भएको छ । ८ भदौसम्म चल्ने यो अटो शो १७ औं संस्करण हो । पहिलो दिन १९ हजार ७ सय ६ जनाले अटो शोको अवलोकन गरेका छन् ।

यसपालिको प्रदर्शनीको मुख्य आकर्षण युनिट्री रोबोटिक डग, अत्याधुनिक चारपांग्रे रोबोट्स र दीपलको ईभीटीओएल फ्लाइङ ट्याक्सी (उड्ने ट्याक्सी) रहेको आयोजक नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालले जनाएको छ । अटो शोको पहिलो दिन दीपलको ईभीटीओएल फ्लाइङ ट्याक्सी हेर्ने र फोटो, भिडियो खिच्नेको भीड थियो । युनिट्री रोबोटिक डगले सबैको ध्यान खिचेको थियो । दौरासुरुवालमा सजाइएका दुई वटा रोबोट्सको भिडियो र फोटो खिच्न आगन्तुकबीच प्रतिस्पर्धा नै चलेको थियो ।

अटो शोको उद्घाटन गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले हिजोआज विद्यालयमा पढिरहेका विद्यार्थीले आफैं बाइक बनाएर कुदाउने गरेको प्रसंग सुनाउँदै आजको रोबोटिक क्रियाकलाप प्रारम्भिक लाग्ने भए पनि भविष्यमा यस्तै प्रविधि विकास हुँदै जाने बताए । ‘अब उड्ने कार नेपालमा आफैं बनाएर बिक्री गर्ने वातावरण बनाउनुपर्छ,’ उनले भने, ‘प्रविधिलाई स्वीकार गरेर त्यसको विकास गर्नेतर्फ लाग्नुपर्छ ।’ निजी क्षेत्रलाई लक्षित गर्दै उनले अहिले असन्तुष्ट हुनुपर्ने ठाउँ कतै नदेखेको प्रस्ट पारे । ‘सरकारी नीतिहरू स्थिर छन्, हामीले यस्ता नीतिहरू बनाएका छौं जुन सबै क्षेत्रलाई समेट्ने खालका छन्,’ ओलीले भने । नीतिहरू व्यवसायीमैत्री रहेको उनको भनाइ छ । ‘सडक पूर्वाधार पनि धमाधम बनिरहेका छन्,’ उनले भने, ‘कतै स्तरोन्नति त कतै विस्तार भइरहेको छ ।’

मुलुकको अर्थतन्त्रमा अटोमोबाइलले ठूलो योगदान पुऱ्याएको नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालले बताए । ‘अहिले सवारीसाधनको माग बढ्दै गएको छ, बजार चलायमान बन्दै छ,’ उनले भने, ‘कानुनहरू उद्योगमैत्री भएका कारण लगानीको वातावरण बनेको छ ।’ बजारमा बिस्तारै सवारीसाधनको माग बढिरहेको भन्दै ढकालले दुई वर्षअघिको तुलनामा ४० प्रतिशतभन्दा बढी सवारीसाधन बिक्री हुने आकलन गरिएको बताए । अध्यक्ष ढकालले अर्डर भइसकेका युरो-६ भन्दा तलका गाडी एक पटकका लागि आयात गर्न दिन सरकारसँग आग्रह गरेका छन् । सरकारले लागू गरेको युरो-६ मापदण्ड सकारात्मक भए पनि तत्कालीन कार्यान्वयनले केही समस्या निम्त्याउन सक्ने भन्दै एक पटक अनुमति दिनुपर्ने उनको भनाइ थियो ।

सरकारले नीतिगत व्यवस्थादेखि व्यवसायीको मनोबल बढाउनसमेत काम गर्दै आएको नाडाका अध्यक्ष करण चौधरीले बताए । ‘युवा जनशक्ति पलायन हुनबाट रोक्न नाडाले सीपसहितको रोजगारी पनि दिन्छ,’ उनले भने, ‘त्यसका लागि श्रम मन्त्रालयसँग सम्झौता भइसकेको छ ।’ अटो शो प्रदर्शनी केन्द्र मात्र नभई व्यावसायिक थलो भएको उनको भनाइ छ । ‘कुल बिक्रीको ४० प्रतिशत सवारी अटो शोमा बुकिङ हुन्छ,’ उनले भने, ‘यो पटक अटो शोमा पहिलो पटक नेपालमा हयुमनाइज्ड रोबोट र फ्लाइङ ट्याक्सी सार्वजनिक गरेका छौं ।’

एसेम्ब्लिङका लागि आवश्यक स्पेयर पार्ट्स नेपालमै उत्पादन गर्न सकिए अझै सहज हुने उनले सुनाए । अटोमोबाइलको क्षेत्रमा देशभर १० लाखभन्दा बढी व्यक्ति रोजगार रहेको उनको भनाइ छ । ३ हजारभन्दा बढी व्यापारीलाई सांगठनिक एकजुट गरिएको पनि उनले सुनाए ।

दसैंको मुखमा आयोजना गरिएको अटो शोमा दुई, चारपांग्रे सवारीसाधनमा कम्पनीहरूबीच छुट दिन प्रतिस्पर्धा चल्ने गरेको छ । अटो शो प्रत्येक दिन बिहान साढे १० देखि बेलुका ७ बजेसम्म चल्नेछ । शोमा १ सय २५ भन्दा बढी अटो र यससँग सम्बन्धित ब्रान्ड प्रदर्शनीमा राखिएको ‘नाडा अटो शो-२०२५’ का संयोजक अनुपकुमार बरालले बताए । ‘अघिपछि जस्तै यो पटक पनि अटो शोमा पहिलो दिन नै आगन्तुकको राम्रो उपस्थिति थियो,’ उनले भने, ‘त्यसैले अटो शोको अवधिभर एक लाखभन्दा बढीले अवलोकन गर्ने अपेक्षा गरेका छौं ।’

मंगलबारदेखि सुरु भएको नाडा अटो शोमा अवलोकनकर्ता । तस्बिर : दीपक केसी/कान्तिपुर

राष्ट्रिय वाणिज्य बैंक लि. बाट लिएको कर्जा चुक्ता गर्न आह्वान गरिएको र चुक्ता नगरेमा धितो रहेको सम्पत्ति लिलाम बिक्री गर्न शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

(सूचना प्रकाशित मिति २०८२।०५।०४)

यस बैंकको शाखा कार्यालय ठमेलबाट तपसिलमा उल्लेख भए बमोजिम कर्जा लिने ग्राहकले म्यादभित्र कर्जा चुक्ता नगरी लिखित तथा मौखिक तर- ताकेता गर्दा कर्जा चुक्ता नभएको, धितो सम्पत्ति लिलाम गर्ने वारेको ३५ दिने सूचना प्रकाशित गर्दा समेत कर्जा असुल हुन नसकेकोले यो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र बैंकमा सम्पर्क गरी सम्पूर्ण सांवा तथा कर्जा चुक्ता गर्ने अघिल्लो दिनसम्मको ब्याज र अन्य दस्तुर समेत चुक्ता गरी धितो सम्पत्ति फुकुवा गराई लिनुहुन सम्बन्धित ग्राहक र धितो जमानी दिनुहुने महानुभावहरुलाई यसै सुचनाद्वारा पुनः जानकारी गराइन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेका धितो सम्पत्ति बैंकको अनुकुल समयमा बैंक आफैले सकार गरिलिन सक्ने वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ ।

यो सूचना बमोजिम १५ दिनभित्र चुक्ता नभएका कर्जाहरुको बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनदेखि २२ औं दिनभित्र शाखा कार्यालय ठमेलमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त बोलपत्रहरु बोलपत्र प्राप्त भएको कार्यालयमा २३ औं दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको २:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ । तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

तपसिल:

कर्जा शिर्षक र नम्बर	ऋणीको विवरण	लिलाम हुने सम्पत्तिको विवरण	न्युनतम मुल्य
आवधिक कर्जा १ (११००१०००४३९४००२) क्यास क्रेडिट (कोभिड १०%) कर्जा (११००१०००४३७७००२) क्यास क्रेडिट (ओभरड्राफ्ट) कर्जा	होटल आर्टस काठमाण्डौं प्रा. लि., काठमाडौं म.न.पा. २९, ठमेल । (दर्ता नं. १०७७९५/०६९/०७० कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं) सञ्चालक/शेयरधनी: १) चिरञ्जीवी भट्ट (ना.प्र.नं.३२३०४ गोरखा) ठेगाना: जौबारी गा.वि.स.७ गोरखा, हाल काठमाडौं म.न.पा.२९ काठमाडौं । बाबु : खड्क प्रसाद भट्ट, बाजे: पुर्णचन्द्र भट्ट । २) लक्ष्मी भट्ट (ना.प्र.नं.४४१०३२/२३ गोरखा) ठेगाना: जौबारी गा.वि.स.७ गोरखा, हाल काठमाडौं म.न.पा.२९, काठमाडौं । बाबु : प्रेम प्रसाद वस्ती, पतिः चिरन्जीवी भट्ट, ससुरा : खड्क प्रसाद भट्ट ।	पुर्णचन्द्र भट्टको नाती, खड्क प्रसाद भट्टको छोरा चिरञ्जीवी भट्टको नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंमा दर्ता श्रेस्ता रहेको का.म.न.पा. वडा नं. २९ स्थित कि.नं. १४६६, २०६७, २०६८ क्षेत्रफल क्रमशः ०-८-०-०, ०-६-०-३ र ०-१-३-२ रोपनी जग्गा तथा सोमा बनेको भवन, उपकरणहरु तथा लिगलगापात समेत । प्रेम प्रसाद वस्तीकी छोरी, खड्क प्रसाद भट्टकी बुहारी, चिरञ्जीवी भट्टकी पत्नी लक्ष्मी भट्टको नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंमा दर्ता श्रेस्ता रहेको का.म.न.पा. वडा नं. २९ स्थित कि.नं. १४४८ क्षेत्रफल ०-१-०-२ रोपनी जग्गा तथा सोमा बनेको भवन, उपकरणहरु तथा लिगलगापात समेत ।	रु.४८,१७,१३,९००।- (अक्षरुपी अठ्चालिस करोड सत्र लाख तेह्र हजार नौ सय मात्र)

सर्तहरू:

१) बोलपत्र फाराम यस बैंकको कुनै पनि शाखा कार्यालयबाट रु.१,०००।- (अक्षेरुपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ । फोटोकपि गरिएको फाराम मान्य हुने छैन ।

२) बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फाराममा स्पष्ट रुपमा भर्नुपर्नेछ, साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नुपर्नेछ ।

३) बोलपत्र खाम बाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नुपर्नेछ ।

४) यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको प्रतिलिपी तथा फर्म/कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी बोलपत्रको साथमा नै पेश गर्नु पर्नेछ ।

५) बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तिमा १० प्रतिशतले हुने रकम यस बैंकको कुनै पनि शाखा कार्यालयमा हिसाब मिलान हुन बाकी कर्जा असुली हिसाबमा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंक कार्यालयको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैंकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकबाट जारी भएको सुरक्षणपत्र वा Good for Payment Cheque/Managers Cheque अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

६) लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ, सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोही अवस्था वा परिमाणमा स्वीकार गर्नु पर्नेछ ।

७) न्युनतम मुल्य भन्दा कम रकम उल्लेख गरी पेश भएका बोलपत्रहरु स्वतः रद्द हुनेछन् ।

८) बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पुर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाउंमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।

९) बोलपत्र दाखिला भईसके पछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म धरौटी रकम फिर्ता दिइने छैन ।

१०) रीत नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।

११) बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

१२) बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पुर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ ।

१३) एकै व्यक्तिबाट दुई वा दुईभन्दा बढी तथा मिलोमतोबाट बोलपत्र पेश गरेमा लिलाम कारवाही जुनसुकै चरणमा रहेपनि उक्त बोलपत्रहरु बदर हुनेछन् ।

राष्ट्रिय वाणिज्य बैंक लि. RASTRIYA BANIJYA BANK LTD. ...तपाईको आफ्नो बैंक

राष्ट्रिय वाणिज्य बैंक लि., केन्द्रीय कार्यालय
कर्जा अनुगमन तथा असुली विभाग
फोन नम्बर : ०१-५७२१२२०, एक्सटेन्सन नम्बर २६२७

GULARIYA MUNICIPALITY
OFFICE OF THE MUNICIPAL EXECUTIVE
Gulariya, Bardiya
Lumbini Province, Nepal

Invitation for Bids

Invitation for Bids No: MG/W/NCB/GNP/01/2082/83

Date of publication: 2082/05/04 (2025/08/20)

1. ***Gulariya Municipality, Office of Municipal Executive*** invites electronic bids from eligible bidders for the construction of **Causeway and Asphalt concrete construction work** (***Baniya tole durgamandir dekhi uttar tarfa sarjukhola ma causeway nirman, Tejendra sigdel ko ghar dekhi uattar tatha paschim ramesh paudel ko ghar hudai suhelwa sadak niskane bato kalo patre & ward no.12 duddha samudaik ban bata bhaisahi jane sadak kalopatre nirman)*** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures through PPMP's e-GP htttp:/bolpatra.gov.np/egp.

   Only eligible bidders with the following key qualifications should participate in this bidding:

   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***NRs 37 Millions***
   - Minimum Work experience of similar size and nature: ***Inspect Bidding Document***

2. Pre-bid meeting shall be held at **1 PM 2082/05/24 (2025/09/09), bid submitted at *12PM, 2082/06/05 (2025/09/21) and Bid opend at 1PM Dated on2082/06/05 (2025/09/21)*** at the office of Gulariya Municipality Bardiya.

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Gulariya Municipality, Office of Municipal Executive, Gulariya, Bardiya, gnpk.bardiya@gmail.com , Telephone No: 084420412 , Fax :084420200*** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.